परिच्छेद ३

# ३.५ कर्णाली प्रदेशमा बालविवाह : बाल अधिकार उल्लङ्घनको चक्र

**पृष्ठभूमि**

विवाह भन्नाले व्यक्तिहरूबिच सामाजिक सम्बन्ध र संस्थाको रूपमा प्रचलित कानुनी, धार्मिक, सांस्कृतिक र व्यवहारिक अभ्यासलाई बुझिन्छ । जसलाई चलनचल्तीमा 'बिहे' भन्ने गरिन्छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ११ को विवाहसम्बन्धी कसुरअन्तर्गत दफा १७३ को उपदफा १ मा विवाहका लागि कानुनी उमेर २० वर्ष तोकिएको छ। हरेक सभ्य समाज एवम् राष्ट्रले विवाहका लागि उमेरको हदबन्दी तोक्ने गर्छन्। विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। आफूले रोजेको वा विवाहका लागि सहमत व्यक्तिसँग आफ्नो परम्परागत संस्कार वा व्यक्तिको चाहनाअनुसार विवाह गर्न पाउने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनु पर्दछ।

नेपालको संविधान, २०७२ ले बालविवाहलाई बाल अधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ। ह्युमन राइट्स वाचले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदनलाई उद्धृत गर्दै बीबीसी नेपाली सेवाले लेखेअनुसार नेपालमा १८ वर्ष नपुग्दै झण्डै ३७ प्रतिशत किशोरीहरूको विवाह भइरहेको छ । सरकारको बालविवाहविरुद्धको रणनीति, २०७२ अनुसार नेपाल दक्षिण एशियामा बालविवाह बढी हुने मुलुकमा बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ। त्यसैगरी, युनिसेफले सन् २०१७ मा सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार नेपालमा ४० प्रतिशत बालिकाहरूले आफ्नो १८ औँ जन्म दिन मनाउन नपाउँदै बालविवाह गर्दछन् भने सात प्रतिशतले १५ वर्षअगावै बालविवाह गर्दछन् । यसो हुनुमा महिलाभन्दा पुरूषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैङ्गिक विभेद, गरीबी, अशिक्षा, असुरक्षाजस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन्।

नेपाल बालविवाह हुने मुलुकको सूचीमा १६ औँ स्थानमा पर्ने र बालकको तुलनामा सङ्ख्यात्मक रूपमा धेरै बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको girlsnotbrides.org मा उल्लेख छ। अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नुअगावै भएको उल्लेख गरेको छ । तर, युनिसेफले प्रकाशन गरेको तथ्याङ्कअनुसार सोही उमेर समूहका १० मध्ये १ पुरुषको विवाह बाल्यावस्थामा हुने गरेको छ । बालविवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चितमात्र गराउँदैन उनीहरू आफ्नो भावी जीवनको ढाँचा निर्धारण गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन्।

विशेषगरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्र अधिकारको उल्लङ्घन नभई थप अधिकार उल्लङ्घन र हिंसा वृद्धि हुने अवस्था रहन्छ।

नेपालमा बालविवाहको दर विकास क्षेत्र, बसोवास क्षेत्र, आर्थिक, सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताका आधारमा फरकफरक रहेको छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ।

राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्नेमध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन्। अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बालविवाहको बढी जोखिममा रहेको पाइएको छ । तथ्याङ्कअनुसार प्रवेशिका वा सोभन्दा धेरै पढेका महिलाहरूको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरूको विवाह गर्ने उमेर १७ वर्ष भएको देखिन्छ। त्यस्तै, आर्थिक अवस्था

सबल भएकाभन्दा कमजोर भएका महिलाहरूको सालाखाला दुई वर्ष कम उमेरमै विवाह भएको पाइन्छ। अध्ययनहरूले सार्वजनिक गरेका प्रतिवेदनअनुसार नेपालमा कर्णाली प्रदेशका जिल्लाहरूमा बालविवाहका कारण हुने बालअधिकार हनन्का घटनाहरू अधिक रहेको र त्यसको न्यूनीकरणका लागि सरकार, समाज र सामाजिक संस्थाहरूको एकीकृत पहलकदमी हुनु आवश्यक देखिन्छ।

**बालविवाहका कारण हुने समस्याहरू**

बालविवाह एक गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनको घटना हो। बालविवाह भएका बालबालिकाले उमेर नपुग्दै वयस्कहरूजस्तै जिम्मेवारी बहन गर्नुपर्ने भएकोले उनीहरू शिक्षा र रोजगारीका अवसरहरूबाट वञ्चित हुन्छन्। बालविवाहको अन्त्य नहुँदा र बालबालिकामाथि विभिन्न हिंसाका जोखिम बढ्ने र आफ्नो क्षमता अभिवृद्धिका लागि गरिने प्रयत्नमा असुविधा पुग्ने हुन्छ। सक्षमताको कमीका कारण जीवनमा नकारात्मकताको प्रभाव थपिँदै जाने र बहिस्करणको दुस्चक्र फस्दै जाने देखिन्छ। ह्युमन राइट्स वाचले गरेको बालविवाहसम्बन्धी एक अध्ययनका अनुसार बालिकाहरूले छिटो विवाह गर्नुका कारण शिक्षाको अवसरबाट बञ्चित हुनु परेको छ। चेतनाको कमीले गर्दा कम उमेरमै गर्भवती हुने र त्यसको परिणामस्वरूप बालिका आमा बन्ने र सुत्केरी हुन् नसकेर मृत्युसमेत अङ्गालेका घटनाहरूमा वृद्धि भएको पाइन्छ।

२० वर्षभन्दा कम उमेरमा हुने विवाहले गरिबी, बालिका बेचबिखन तथा ओसारपसारका घटनामा वृद्धि भएका छन्। सम्बन्ध विच्छेदका घटनामा वृद्धि हुनु र महिला हिंसाका घटना बर्सेनी थपिनुलाई पनि बालविवाहको नकारात्मक परिणामको रूपमा लिएको छ। जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेद र बहुविवाहका मुद्दा हेर्ने हो भने झण्डै ४० प्रतिशत पीडितहरू २५ वर्षमुनिका छन्। यस्तै, स्वास्थ्य सेवा कार्यालयको तथ्याङ्क केलाउने हो भने प्रसुती सेवा लिएका २५ प्रतिशत महिला २० वर्ष मुनिका छन्। सरकारले बालविवाहको अन्त्यका लागि गरेका प्रतिबद्धता र बालविवाह हुनुका कारण पहिचान गर्नु तथा समस्या समाधानका लागि सामाजिक संस्थाको तर्फबाट सामाजिक परिचालनका अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ।

**अध्ययनको उद्देश्य**

- बालविवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानुनको संशोधन एवम् परिमार्जनका लागि सुझाव दिने।
- बालविवाह अन्त्यका लागि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनको अवस्था विश्लेषण गर्ने।
- बालबालिका विशेषतः बालविवाहको जोखिममा रहेका तथा प्रभावितहरूको उत्थानमा अभिवृद्धि गर्न सामाजिक तथा मानव अधिकार संस्थाहरूको सहकार्य सुदृढ गर्न।

**अध्ययनको विधि**

यस आलेख तयार पार्दा बालविवाह अन्त्यका लागि सरकारले विभिन्न समयमा व्यक्त गरेका प्रतिबद्धता, रणनीति, कानुन तथा यस सम्बन्धमा गरिएका पूर्व अध्ययनहरूको समीक्षा गरिएको छ। अध्ययनका लागि कर्णाली प्रदेशको सल्यान जिल्लामा रहेको बालविवाहको तथ्याङ्क जिल्लामा रहेका विभिन्न सरोकारवाला निकायहरू, बालविवाहबाट पीडित बालबालिका, बालविवाहको अन्त्यका लागि लागिरहेका अभियन्ताहरू, विभिन्न सङ्घसंस्था, राजनीतिक दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय तहका पदाधिकारी, समाजसेवी, बुद्धिजिवी आदिसँग छलफल गरिएको छ।

स्वास्थ्य सेवा कार्यालय सल्यानको तथ्याङ्क, जिल्ला प्रहरी कार्यालय सल्यान र प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क तथा जिल्ला अदालत सल्यानको तथ्याङ्क प्रयोग गरिएको छ। यसका साथै बालविवाह न्यूनीकरणका लागि विभिन्न व्यक्तिहरूबाट लेखिएका पुस्तक, सञ्चार माध्यमहरूमा प्रकाशित तथा प्रसारित समाचार तथा लेखहरू, सरकारका तीनै तहबाट जारी भएका ऐन, कानुन, रणनीतिहरू, इन्सेकका प्रकाशित र सङ्कलित तथ्याङ्क तथा अन्तर्राष्ट्रिय प्रावधानहरूलाई अध्ययनको सामग्रीको रूपमा लिइएको छ।

**अध्ययनको सीमा**

बालविवाह सल्यानलगायत कर्णालीको मात्र नभई समग्र देशभरि भए तापनि प्रस्तुत अध्ययनले सल्यान जिल्लालाई मात्र समेटेको छ। बालविवाह

अन्त्यका लागि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनका पक्षमा अध्ययन केन्द्रित छ। बालविवाह वर्तमान अवस्था, समस्या, भइरहेका प्रयास तथा हुन नसकेका कामहरू दर्शाउन अध्ययन केन्द्रित छ।

**कर्णाली प्रदेशमा बालविवाहको अवस्था**

राष्ट्रिय जनगणना २०६८, अनुसार कर्णाली प्रदेशमा ५२ प्रतिशतले बालविवाह गर्ने गरेका छन्। सबैभन्दा बढी बालविवाह रुकुम पश्चिममा ७१ प्रतिशत र सबैभन्दा कम डोल्पामा ५० प्रतिशत देखिन्छ। समग्रमा कर्णाली प्रदेशमा बालविवाहको अवस्था उच्च रहेको छ। कर्णालीका सल्यान र जुम्लामा ७० प्रतिशत, दैलेखमा ७१ प्रतिशत, जाजरकोटमा ६६ प्रतिशत, कालीकोटमा ५९ प्रतिशत, मुगुमा ५७ प्रतिशत र हुम्लामा ५२ प्रतिशत रहेको राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कमा उल्लेख गरिएको छ।

कर्णाली प्रदेशमा बालविवाह बाल संरक्षणको प्रमुख सवाल हो। सरकारी तथा गैरसरकारी संस्थाहरूले बालविवाह न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। फलस्वरूप बालविवाहविरुद्धको जनचेतना वृद्धि भएर यसका सकारात्मक प्रभाव देखिनुपर्नेमा स्वरूप र कारणमा परिर्वतन आए पनि सङ्ख्यामा भने उल्लेख्य कमी आएको छैन। पहिला बाबुआमाले बालविवाह गरिदिन्थे भने अहिले केटाकेटी आफैँले बालविवाह गर्ने गरेको पाइन्छ।

मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को उपदफा १ अनुसार विवाह गर्नका लागि केटा र केटीको उमेर २० वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरेको छ। कर्णाली प्रदेशमा १० वर्ष मुनिकाले पनि विवाह गरेको तलको तालिकाबाट देखिन्छ। बालविवाहका घटनामा अधिकांश बालबालिकाले १५ देखि १९ वर्षभित्र विवाह गर्ने गरेको देखिन्छ।

राष्ट्रिय जनगणना २०६८, अनुसार १५ देखि १९ वर्षभित्र विवाह गर्नेको सङ्ख्या सबैभन्दा बढी सल्यानमा ६२.८८ प्रतिशत देखिन्छ। तर समग्र तथ्याङ्कले दैलेख र जुम्ला जिल्ला सबैभन्दा बढी बालविवाह हुने जिल्ला भएको देखिन्छ। तथ्याङ्कको अध्ययन गरी इन्सेकले यस वर्षको आलेखमा सल्यान जिल्लाभित्रको अवस्था विश्लेषण गरेको छ।

**सल्यानको अवस्था**

सल्यान जिल्लाका ग्रामीण क्षेत्रमा अहिले पनि सानै उमेरमा विवाह गर्ने प्रचलन उच्चदरमा रहेको छ। जिल्लामा बालविवाहको हालको अवस्थाबारे कसैसँग एकीन तथ्याङ्क नभए तापनि अस्पतालमा प्रसुती गराउने सङ्ख्या, अदालतमा पर्ने बालविवाह, बहुविवाह र सम्बन्धविच्छेद मुद्दाका सङ्ख्या तथा प्रहरी कार्यालयको तथ्याङ्क केलाउने हो भने जिल्लाको बालविवाहको अवस्था सहजै देख्न सकिन्छ।

सल्यान जिल्ला अस्पतालले दिएको तथ्याङ्कअनुसार ०७७ वैशाखदेखि कात्तिकसम्मको सात महिनाको अवधिमा ७ सय ७७ महिलाहरूले प्रसुती सेवा लिए। सेवा लिनेमध्ये १ सय ९२ अर्थात् २५ प्रतिशत महिलाहरू २० वर्ष मुनिका थिए भने उमेर नपुगी गर्भाधान गरेर प्रसूति सेवा लिएकामध्ये ६ जनाले बच्चा जन्माउन नसकेर शल्यक्रिया गर्नु परेको अवस्था थियो। यसैगरी, सात जनामा उल्टो बच्चा बस्ने समस्या, तीन जनामा सुत्केरी भएर रगत बगिरहने समस्या, दुई जनाका बच्चाले श्वास फेर्न गाह्रो भएको र एक जनाको पेटमै बच्चा मरेको जस्ता समस्या रहेको देखियो।

जिल्ला अदालत सल्यानको तथ्याङ्कलाई तुलना गर्ने हो भने जिल्लामा बालविवाहको अवस्था भयावह रहेको बुझ्न सकिन्छ। ग्रामीण क्षेत्रमा सानै उमेरमा भएका विवाहहरू सम्बन्ध विच्छेद गर्नुपर्ने र बहुविवाहको मुद्दा दायर गर्नुपर्ने अवस्थामा २० वर्ष पुरा भएपछि मात्रै अदालतमा पुग्छन्। आर्थिक वर्ष ०७६/०७७ मा जिल्ला अदालत सल्यानमा दर्ता भएका सम्बन्ध विच्छेदका १ सय २ मुद्दामध्ये ३९ ओटा मुद्दामा महिलाहरू २५ वर्ष मुनिका छन्। बहुविवाहका १७ मुद्दामध्ये सात ओटा

**जिल्लागत रूपमा २० वर्षमुनि विवाह गर्नेको तथ्याङ्क (प्रतिशत)**



**उमेर अनुसार बाल विवाह गर्नेको सङ्ख्या (प्रतिशत)**

| जिल्ला | १० वर्षमुनि | १० देखि १४ वर्ष | १५ देखि १९ वर्ष |
|---|---|---|---|
| रुकुम पश्चिम | ०.०८ | ९.७१ | ६१.२७ |
| सल्यान | ०.१ | ६.९ | ६२.८८ |
| सुर्खेत | ०.४९ | ९.६९ | ५८.६४ |
| दैलेख | ०.७५ | ११.१९ | ५८.७२ |
| जाजरकोट | ०.२२ | ७.५३ | ५८.११ |
| डोल्पा | ०.११ | ४.११ | ४५.७३ |
| जुम्ला | ०.५२ | १०.७२ | ५८.५२ |
| कालिकोट | ०.४३ | ८.०९ | ५०.६५ |
| मुगु | ०.१४ | ५.०७ | ५२.१८ |
| हुम्ला | ०.१२ | ६.१५ | ४६.११ |

मुद्दामा पीडितको उमेर २५ वर्ष मुनि छन्। उनीहरूमध्ये धेरैको बालविवाह भएको बताइएको छ।

आर्थिक वर्ष ०७६/०७७ मा जिल्ला अदालत सल्यानमा बालविवाहका नौ ओटा मुद्दा दर्ता भएका छन् । जसमा अधिकांश मुद्दामा अविभावकको मञ्जुरीविना बालविवाह भएको र पछि अभिभावकहरूले मञ्जुरी दिएको देखिन्छ। यस अघिका वर्षहरूमा बालविवाहसँग सम्बन्धित मुद्दाहरू कानुनी प्रक्रियामा नगन्यरूपमा मात्रै आउने गरेका थिए।

जिल्लाको पछिल्लो अवस्थालाई हेर्ने हो भने बालविवाह अन्त्यका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रयासहरू भइरहेको देखिन्छ। सल्यान प्रहरीले जिल्लाका स्थानीय तह तथा सबै सरोकारवालासँग मिलेर घरघरमा स्टीकर राख्ने अभियान सुरू गर्‍यो। प्रहरी जिल्लाका सबै नागरिकका घरमा पुगेर प्रहरीका सबै तह

**घटना अध्ययन**

**घटना १**

सल्यान जिल्ला त्रिवेणी गाउँपालिका–५ लुहामकी २१ वर्षीया युवतीको पाँच वर्षअघि १६ वर्षको उमेरमा ०७२ वैशाख ५ गते विवाह भयो। कानुनले गैरकानुनी ठहरिए पनि शारदा नगरपालिका–७ कुरलका आफूभन्दा २ वर्ष बढी उमेरका युवासँग उनको बिहे भयो । उनीहरूबिच पढाइकै सिलसिलामा भएको चिनजान प्रेममा परिणत भएर बिहेको विन्दुसम्म पुग्यो। बिहे हुने बेलामा केटा १८ वर्ष र केटी १६ वर्षका थिए। सानै उमेरमा विवाह भएका कारण उनीहरूमा निर्णय गर्न सक्ने क्षमताको विकास भइसकेको थिएन। विद्यालय पढ्दापढ्दै विवाह गरेका कारण उनीहरूको पढाइले पनि गति पाउन सकेन। विवाहपछि उनीहरूबाट एक छोरीको जन्म भयो। अहिले दुई वर्षकी छन्। कम उमेरमा भएको विवाह, जसका कारणले बिग्रिएको पढाइ, दिनानुदिनको घरायसी कामकाज आदिले उनीहरूबिचको प्रेममा विस्तारै दरार पैदा हुँदै आयो। सानोसानो कुरामा पनि झगडा हुने, एकले अर्कोलाई गाली गर्ने, कुटपिट गर्नेजस्ता घरमा अशान्ति हुने क्रियाकलाप दिनानुदिन बढ्दै आयो। फलस्वरूप ती महिला सम्बन्ध विच्छेद गर्ने निर्णयमा पुगिन्।

०७५ माघ २ गते पतिले बिहानको खाना पकाइरहेको समयमा निलडाम हुने गरी कुटपिट गरेको भन्दै पीडितले २०७७ भदौ १६ गते जिल्ला अदालत सल्यानमा सम्बन्ध विच्छेको मुद्दा दायर गरिन्। कुटपिटको आरोप लगाउँदै सम्बन्ध विच्छेदको आरोपमा मुद्दा दायर गरेको भए तापनि ०७५ जेठ १६ गते छोरी जन्मेपछि माइती बस्न गएदेखि पत्नी नफर्किएको पतिले दावी गरे। यसरी उनीहरूबिच आरोप प्रत्यारोप बढ्दै गयो। अदालतले दिएको मेलमिलापको समयमा समेत उनीहरूबिच मेलमिलाप हुन सकेन। अन्ततः दुवै पक्ष सम्बन्धविच्छेद गर्न राजी भए र सानै उमेरमा विवाह गरेका उनीहरूबिच विवाह गर्ने उमेर भई नसक्दै सम्बन्ध विच्छेद भएर बस्नुपर्ने अवस्था आयो। अदालतले पनि दुवै पक्ष सम्बन्ध विच्छेदको निम्ति राजी भएपछि सम्बन्ध विच्छेदको फैसला सुनायो। सम्बन्ध विच्छेदपछि पीडित महिला अहिले माइतीमै बस्दै आएकी छन् भने पुरुष पनि घरमै बसेर मजदुरी गर्दै आएका छन्। सानै उमेरमा भएको विवाहका कारण उनले न त पढ्न पाइन् न त उनको वैवाहिक जीवन नै सफल बन्यो। उनीजस्ता उमेर नपुग्दै भएको विवाहका कारण सम्बन्ध विच्छेद र बहुविवाहको शिकार हुन पुगेको यो उदाहरण हो।

**घटना २**

राप्ती राजमार्गको सल्यान–दाङ सडकखण्डअन्तर्गत कपुरकोट गाउँपालिकाको कपुरकोट बजारबाट कपुरकोट रिम सडक खण्ड हुँदै करिब ६ किलोमिटर अगाडि बढेपछि कपुरकोट गाउँपालिका–५ रिममा रहेको शितलबजारमा पुग्न सकिन्छ। शितलबजारको सुरूमै प्रहरीको चेक प्वाइन्ट छ। ०७७ साउन १२ गते दिउँसो साढे तीन बजेको समयमा चेक प्वाइन्टमा भे १ ज ३८४ नम्बरको जीप रोकियो। विवाहको जस्तो देखिने गाडीमा चेक जाँचको क्रममा गाडीमा सवार यात्रुमाथि प्रहरीलाई शङ्का लागेपछि सोधपुछ गर्दा बालविवाह भएको खुल्न आयो।

र निकाय, एम्बुलेन्स, प्रशासन, न्यायिक निकाय आदिको फोन नम्बर र बालविवाहविरूद्धका नारा भएको स्टीकर टाँस्ने काम गऱ्यो ।

प्रहरीको यो बालविवाह रोक्ने कदमपछि अहिले कुनै घटना हुने बित्तिकै तत्काल प्रहरीलाई फोन आउने गरेको प्रहरीको दावी छ। प्रहरीले बालविवाहका घटनाबारे जानकारी प्राप्त गर्ने बित्तिकै कारबाही प्रक्रियामा अगाडि बढाउने गरेको बताएको छ। इन्सेकले गरेको अभिलेखअनुसार प्रहरीले बालविवाहविरूद्धका पाँच मुद्दामा २३ जनालाई कारबाहीको मागसहित कानुनी प्रक्रिया अघि बढाएको छ । यस्तै प्रहरीले विवाह हुनु पहिले नै थाहा पाएर एक वर्षको अवधिमा १० ओटा बालविवाह हुनबाट रोकी बालबालिकालाई अविभावकको जिम्मा लगाएको छ । बालविवाहका मुद्दामा सल्यान प्रहरीले संलग्नताको आधारमा दुलाहादुलही उनीहरूका आमा बुवा, पण्डित र निम्तो कार्ड छाप्ने छापाखानामाथि समेत मुद्दा प्रक्रिया अघि बढाउने गरेको छ।

**बालविवाहको प्रभाव**

बालबालिकाले आफैले गरेका विवाहका घटनामा अभिभावकले फर्काउने र अविभावकले विवाह गरिदिँदा बालबालिकाले नमान्ने खालका घटनाहरू पनि देखिन्छ। यसले बालबालिकालाई मानसिक समस्यातिर धकेल्न सक्छ। उमेर नपुगेर विवाह गऱ्यो र उनीहरूलाई तुरुन्तै परिवार, प्रहरी गएर फर्काइयो भने अबको बाँकी जीवन बेकार छ, विवाह गर्नु वास्तवमा घातक रहेछ, अब मेरो वैवाहिक जीवन राम्रो हुँदैन भन्ने खालको निराशाभाव पैदा गर्छ। मित्रता, विवाह भनेको पीडा दिने विषय हो भनेर उनीहरूले बुझ्न सक्छन् । कतिपय किशोरीहरूलाई पुरुष भनेको हिंस्रक हुन्छ, यसले नराम्रो व्यवहार गर्छ, पुरूषबाट सुरक्षित हुन सक्दिन भन्ने मनोविज्ञान भएको पाइन्छ। यस्तै कतिपय किशोरहरूमा महिलाहरूप्रति हेर्ने दृष्टिकोण, घरका अविभावकहरूमा पनि विषेशगरी आमा, महिला अविभावकहरूलाई हेर्ने दृष्टिकोणमा एकखालको नकारात्मक सोचाइ विकसित भएर जान सक्छ। बालविवाहका असरहरू तत्कालीन र दीर्घकालीन हुने देखिएकोले निम्न अनुसार प्रस्तुत गरिएको छ।

**स्वास्थ्य सेवा कार्यालय सल्यानमा २० वर्ष नपुग्दै प्रसुति भएका महिलाहरूको त्रीवर्षीय सङ्ख्यात्मक विवरण**

| महिना | आ.व. ०७४/०७५ | | आ. व. २०७५/०७६ | | आ. व. ०७६/०७७ | |
|---|---|---|---|---|---|---|
| महिना | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या | प्रसूति हुने महिलाको जम्मा सङ्ख्या | १४ देखि १९ वर्षभित्र प्रसूति भएका महिलाको सङ्ख्या |
| साउन | १३८ | ४८ | १६६ | ५९ | १५७ | ४० |
| भदौ | १३१ | ३८ | १०२ | ३२ | १२३ | ३९ |
| असोज | १०० | ४१ | १२७ | ४४ | ११३ | ३१ |
| कात्तिक | १११ | ४० | ९२ | ३० | ११२ | २३ |
| मङ्सिर | ८४ | २५ | ७२ | १९ | १२१ | २२ |
| पुस | १०४ | ३५ | ९५ | ३५ | ९६ | २४ |
| माघ | १०७ | ३१ | ८६ | २५ | ११७ | २३ |
| फागुन | ११४ | ४४ | १११ | ३१ | १२४ | २७ |
| चैत | ८२ | ३९ | १३० | ५२ | ११७ | ३० |
| वैशाख | ११२ | ३४ | १२७ | ४१ | ९३ | २१ |
| जेठ | १२१ | ४० | ११४ | ३५ | ९५ | २९ |
| असार | १११ | ४३ | ७१ | २२ | १३२ | २२ |
| जम्मा | १२१५ | ४५८ | १२९३ | ४२५ | १४१० | ३३१ |

**बालविवाहको तत्कालीन परिणाम**

- शारीरिक तथा मानसिक रोगको शिकार हुने सम्भावना हुन सक्छ।
- सानै उमेरमा सम्बन्ध विच्छेदको सम्भावना बढी हुन्छ।
- बालविवाहपछि स्वास्थ्य र शिक्षाको अधिकारसमेत गुमाउँछन्।
- कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुन्छ।
- अपाङ्गता भएका सन्तान जन्मन सक्छन्।
- गर्भावस्था तथा सुत्केरी हुँदा घरपरिवारबाट सहयोगी व्यवहार नहुने, शारीरिक तथा मानसिक विकास हुन पाउँदैन।

**बालविवाहको दीर्घकालीन परिणाम**

बालविवाह बदर हुँदा बालबालिकाको जीवनमा दीर्घकालीन असर पर्ने सम्भावना धेरै रहन्छ। उनीहरूले जीवनलाई हेर्ने दृष्टिकोण, वैवाहिक जीवनलाई हेर्ने दृष्टिकोण र वैवाहिक जीवनभित्र सुख देख्न नसक्ने खालको असर पर्छ। सानैमा विवाह गर्दा सन्तान छिटो जन्मिने, पढाइ रोकिने, आर्थिक रूपमा असर पर्छ भन्ने उनीहरूले बुझ्केकै हुँदैनन्। विवाहपछि पतिपत्नीबिच द्वन्द्व, सम्बन्ध विच्छेद, दोस्रो विवाहजस्ता समस्या अहिले पनि बालविवाहले निम्त्याइरहेको छ।

- व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनाङ्गमा हानि हुन सक्ने र परिवार चलाउन नसक्ने अवस्थामा पुगिने।
- विवाहपछि बालबालिकाको पढाइ बिग्रने, बिरामी हुने, छिटो बच्चा जन्मिने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट बञ्चित हुने।
- घरमा विभेद र घरेलु हिंसा सहन बाध्य हुने।
- आर्थिक समस्या उत्पन्न हुने।

**पारिवारिक तथा सामाजिक पुनर्मिलनको अवस्था**

अहिले नेपालको कानुनले पनि २० वर्ष मुनिको उमेरमा विवाह गरे बदर हुन्छ भनेको छ। २० वर्षमुनिको विवाह विकासको दृष्टिकोणबाट, मनोवैज्ञानिक दृष्टिकोणबाट सबै किसिमबाट यो सही होइन भनेर उल्लेख छ। यदि बालबालिकाले उमेर नपुग्दै विवाह गरेमा सर्वप्रथम बालबालिकालाई मनोपरामर्श दिन जरुरी छ। तर अहिलेसम्म यस्तो व्यवस्था हुन सकेको देखिँदैन। जिल्ला अदालत सल्यानमा आ.व. ०७६/०७७ मा दर्ता भएका नौ ओटा बालविवाहका मुद्दा तथा प्रहरीले विवाह हुनुपूर्व थाहा पाएका विवाह हुन नपाएका १० घटनामा पीडित बालबालिकालाई कसैले पनि परामर्श दिएको देखिँदैन। त्यसैले सामाजिक पुनर्मिलनका लागि निम्न कार्यहरू गर्न जरुरी देखिन्छ :

- विवाह गरिसकेकालाई अलगअलग राखेर परामर्श दिनुपर्छ।
- बालविवाहले उनीहरूको दाम्पत्य जीवनमा आउन सक्ने अप्ठ्यारा र त्यसलाई समाधान गर्न सक्ने सम्भावना, सीपको बारेमा पनि छलफल गर्नुपर्छ।
- थाहै नपाएर गरेका बालविवाहलाई कानुनको पछाडि लागेर, हाम्रो संस्कारको पछाडि लागेर जबरजस्ती छुट्याउँदा थप समस्याहरू हुन

**जिल्ला अदालत सल्यानका सम्बन्धविच्छेद, बालविवाह र बहुविवाहका मुद्दाका सङ्ख्यात्मक विवरण**

| विवरण | आ.व. ०७५/०७६ | | आ. व. २०७६/०७७ | | आ. व. ०७७/६०७८ को पहिलो ६महिना | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सम्बन्ध विच्छेदको मुद्दा | ११९ | | १०२ | | ८५ | |
| २५ वर्ष नपुग्दैका सम्बन्ध विच्छेदका मुद्दा | ४६ | ३९ | ३९ | ३८ | ३० | ३५ |
| बहुविवाहका मुद्दा (साउन–फागन) | १७ | | १७ | | १५ | |
| २५ वर्ष नपुग्दैका बहुविवाहका मुद्दा (साउन–फागुन) | ८ | ४७ | ७ | ३८ | ५ | ३३ |
| बालविवाहका मुद्दा | ६ | | ९ | | ७ | |

सक्छ। त्यसैले दुवैजनालाई सँगै राखेर उनीहरूको जीवनको बारेमा छलफल गरिसकेपछि मात्र केटाकेटीलाई छुट्याउनुपर्छ । यति गर्दा पनि उनीहरू छुट्टिन मानेनन् भने उमेर पुगेपछि त्यही जोडीबिच विवाह गर्ने भन्ने सहमतिअनुसार उनीहरूको सम्बन्ध मित्रताको रूपमा रूपान्तरण गरी राख्न सकिन्छ।

- उमेर पुगेपछि उनीहरूले विवाह गर्न सक्छन् भन्ने वातावरण सिर्जना गरी केटाकेटी दुवैलाई सहमति गराउन सकिन्छ । प्रेममा असफल भएकै कारणबाट बालबालिकाले आत्महत्या गरेको, डिप्रेसनमा गएका घटनाहरू धेरै छन् । यो दुर्घटनाबाट बचाउनका लागि बालबालिकालाई मनोसामाजिक परामर्श दिनु आवश्यक देखिन्छ।

**संविधान, कानुन र कार्यान्वयनको अवस्था**

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रूपमा पहिचान गरेको छ। नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घसंस्थाहरूलाई परिचालन गर्ने, बालविवाहविरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ। यसैगरी, रणनीति नं. ९.३ मा स्थानीयस्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाहविरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाउँस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

**निष्कर्ष:**

- सल्यान जिल्लामा अहिले पनि बालविवाहको स्थिति चिन्ताजनक रहेको देखिन्छ । राज्यका संयन्त्रहरू, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा सरकारी कार्यालयहरू, राजनीतिक दल, नागरिक समाज सबैले बालविवाहविरुद्धको अभियानमा हातेमालो भएको देखिँदैन।
- बालविवाहको उन्मूलन गर्न राज्यका विभिन्न तहबाट भएका विशेषगरी छोरीहरूको सशक्तीकरण कार्यक्रम प्रभावकारी भएको देखिँदैन।
- बालविवाहसम्बन्धी जोडिएका पुराना परम्परागत संस्कृति र जातीय व्यवस्थाहरू बदलिएका देखिँदैन।
- समुदायसँग नजिक रहेको स्थानीय सरकारसँग बालविवाहविरुद्ध अभियान सञ्चालन गर्न प्रभावकारी रणनीति छैन।

**बालविवाह सम्बन्धी कर्णाली प्रदेश कार्यालयको त्रीवर्षीय सङ्ख्यात्मक विवरण**

| क्र.सं. | जिल्ला | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|
| | | बालविवाह | बालविवाह | बालविवाह |
| १. | सुर्खेत | – | ७ | १ |
| २. | दैलेख | ३ | ७ | २ |
| ३. | जाजरकोट | – | – | – |
| ४. | रुकुम | १ | – | २ |
| ५. | सल्यान | – | ३ | ५ |
| ६. | जुम्ला | – | २ | २ |
| ७. | हुम्ला | – | – | – |
| ८. | मुगु | – | – | – |
| ९. | कालिकोट | – | – | – |
| १०. | डोल्पा | – | – | – |
| जम्मा | | ४ | ४ | ४ |

**सुझाव**

- बालविवाह गर्नु हुन्न भन्ने अभियान देशव्यापी रूपमा सञ्चालन गरी बालबालिकालाई सशक्तिकरण गर्न सबैले प्रतिबद्धता जनाउनु पर्छ।
- बालविवाह परम्परागत संस्कृति र जातीय व्यवस्थासँग जोडिएको विषय भएकाले त्यसलाई बदल्न घर, परिवार, समाज, राष्ट्र सबैको हातेमालो जरुरी छ।
- समुदायसँग नजिक स्थानीय सरकार रहने भएकाले बालविवाहको विषयमा घरदैलो कार्यक्रम गरी चेतना विकास गराउनुको साथै कानुनी कारवाहीलाई अझ बढी क्रियाशील बनाउनु जरुरी छ।

**सन्दर्भ सामग्री**

१. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ (NDHS, 2011)
२. मुलुकी देवानी संहिता, २०७४
३. नेपालको संविधानको धारा ३९ को उपधारा (५)
४. बाल विवाहविरुद्धको रणनीति, २०७२
५. स्वास्थ्य सेवा कार्यालय सल्यानको तथ्याङ्क
६. जिल्ला प्रहरी कार्यालय सल्यानको तथ्याङ्क
७. जिल्ला अदालत सल्यानको तथ्याङ्क
८. संयुक्त राष्ट्रसङ्घद्वारा पारित विभिन्न महासन्धि र प्रस्तुत प्रतिवेदन
९. https://www.girlsnotbrides.org/child-marriage/nepal/
१०. नेपालमा बालश्रमको अवस्थाः एक विश्लेषण, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत
११. कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत
१२. बालविवाहमा नेपाल एसियामै तेस्रो - BBC News नेपाली
१३. बालकहरूको बालविवाह धेरै हुने मुलुकहरूमध्ये नेपाल विश्वकै शीर्ष दशमाः युनिसेफ (unicef.org)